# सूचना २

संवत् २०८० साल पुस १३ गतेका दिन ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ८ बालकुमारीस्थित इ.पि.एस. कोरिया शाखा कार्यालयमा परीक्षा फाराम भर्ने विषयलाई लिएर भएको प्रदर्शनको समयमा सुरक्षा प्रदान गर्ने क्रममा मानवीय क्षतिसमेत हुनेगरी भएको अप्रत्याशित घटनाका सम्बन्धमा छानबिन गरी राय, सुझाव र सिफारिससहितको प्रतिवेदन पेश गर्न नेपाल सरकारले जाँचबुझ आयोग ऐन,२०२६ को दफा ३ को उपदफा (२) बमोजिम देहाय बमोजिमको जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

१. **जाँचबुझ आयोगको संरचनाः**

(क) उच्च अदालतका पूर्व न्यायाधीश श्री शेखर प्रसाद पौडेल -अध्यक्ष

(ख) पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक श्री अरूण कुमार बि.सी. -सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय श्री नारायणप्रसाद भट्टराई -सदस्य

२. **जाँचबुझ आयोगको कार्यादेशः**

(क) संवत् २०८० साल पुस १३ गतेका दिन ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ८ बालकुमारीमा भएको घटनाको सम्बन्धमा निष्पक्ष र वस्तुगत छानबिन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उक्त घटनामा भएको मानवीय, भौतिक लगायत अन्य क्षतिको विवरण अध्ययन विश्लेषण गर्ने,

(ग) उक्त घटनाको कारण र उक्त स्थानमा गरिएको सुरक्षा प्रबन्ध तथा सुरक्षा योजनाको अध्ययन गरी त्यसमा देखिएका कमीकमजोरी पहिचान गर्ने,

(घ) उक्त घटनासँग सम्बन्धित व्यक्ति, पदाधिकारी तथा निकायको भूमिकाको बारेमा अध्ययन गर्ने र दोषी देखिएका जोकोहीलाई कारबाहीको सिफारिस गर्ने,

(ङ) उक्त घटनाको बारेमा स्थलगत रूपमा समेत अध्ययन गर्ने तथा सम्बन्धित व्यक्ति, पदाधिकारी र निकायसँग बुझ्ने तथा प्राप्त अन्य तथ्यका आधारमा खण्ड (क) देखि (घ) सम्मका विषयहरू र आगामी दिनमा यस किसिमको घटना दोहोरिन नदिन अपनाउनुपर्ने उपाय समेटी सुझावसहितको प्रतिवेदन कार्य प्रारम्भ गरेको एक महिनाभित्र पेश गर्ने।

**३. समयावधि र जनशक्तिः**

(क) जाँचबुझ आयोगले मिति २०८०/९/२० बाट कार्य प्रारम्भ गर्ने र कार्य प्रारम्भ गरेको मितिले एक महिनाभित्र प्रतिवेदन गृह मन्त्रालय समक्ष पेश गर्ने,

(ख) जाँचबुझ आयोगको कार्यालयमा आवश्यक पर्ने देहाय बमोजिमको जनशक्ति गृह मन्त्रालयले व्यवस्थापन गर्नेः-

(क) शाखा अधिकृत, नेपाल प्रशासन सेवा -१ जना

(ख) नायब सुब्बा, नेपाल प्रशासन सेवा -१ जना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ग) कम्प्युटर अपरेटर, नेपाल विविध सेवा -१ जना

(घ) कार्यालय सहयोगी -१ जना ।

**४. जाँचबुझ आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको सेवा सुविधा र अन्य व्यवस्थाः**

(क) जाँचबुझ आयोगका अध्यक्षलाई नेपाल सरकारको राज्यमन्त्रीसरहको पारिश्रमिक तथा सो पारिश्रमिकको पचास प्रतिशत भत्ता र सवारी चालक, इन्धन र सवारी साधनबापत मासिक सत्तरी हजार रुपैयाँ उपलब्ध गराउने,

(ख) प्रकरण १ को खण्ड (ख) बमोजिमका सदस्यलाई राजपत्राङ्कित विशिष्ट श्रेणी सरहको पारिश्रमिक एवं सो पारिश्रमिकको पचास प्रतिशत भत्ता र सवारी चालक, इन्धन र सवारी साधन बापत मासिक सत्तरी हजार रुपैयाँ उपलब्ध गराउने,

(ग) प्रकरण १ को खण्ड (ग) बमोजिमका सदस्य र जाँचबुझ आयोगको कार्यालयमा काम गर्ने कर्मचारीलाई खाइपाइ आएको शुरू तलब स्केलको पच्चिस प्रतिशत भत्ता उपलब्ध गराउने,

(घ) जाँचबुझ आयोगलाई आवश्यक पर्ने मसलन्द, फर्निचरलगायतका सामग्री गृह मन्त्रालयले व्यवस्थापन गर्ने ।

५. **जाँचबुझ आयोगको बजेटः** जाँचबुझ आयोगलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **मुकामः** जाँचबुझ आयोगको कार्यालय काठमाडौंमा रहनेछ।

७. **सम्पर्क मन्त्रालयः** जाँचबुझ आयोगको सम्पर्क मन्त्रालय गृह मन्त्रालय हुनेछ।

**आज्ञाले,**
**दिनेश भट्टराई**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।